**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. १७०**

**पुनरावेदन नं. ०७८-RB-०२००**

**मुद्दाः– सुन चोरी पैठारी।**

| | |
|---|---|
| जिल्ला पश्चिम रुकुम चौरजहारी नगरपालिका वडा नं. ४, स्थायी ठेगाना भएको राजेन्द्र के.सी.............................................................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| लागू औषध ब्यूरो, कोटेश्वरका प्रहरी निरीक्षक जीवन निरौला समेतको प्रतिवेदनले नेपाल सरकार.........................................................................................१ | प्रत्यर्थी वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख भन्सार प्रशासक श्री महेश भट्टराई

शुरु कर्यालयको निर्णय मितिः–२०७८।१०।२३

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान बरिष्ट अधिवक्ता श्री दिनेश त्रिपाठी र विद्वान अधिवक्ता श्री पूर्ण के.सी.

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री  विकाश बन्जारा

**अविलम्वित नजीरः** ×

त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाणडौको मिति २०७८।१०।२३ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. मिति २०७८।०८।१३ गते दिउँसो करिब १६:०० बजेको समयमा एयर अरेवियाको उडानमार्फत काठमाडौं आगमन भई विमानस्थलवाट बाहिर निस्कने क्रममा विमानस्थलभित्रै मेरो घरायसी प्रयोजनको लागि ल्याएको ५० ग्राम सुनको बाला एक जना व्यक्तिले पछी फिर्ता दिने सर्तमा म सँग लिई पछि फिर्ता नदिई फरार भएकोले सि.सि.टि.भी. बाट पहिचान गरि आवश्यक कारवाही गरिदिनुहुन भनि दिएको निवेदनको आधारमा सि.सि.टि.भी. फुटेज हेर्दा उक्त कार्यमा प्रहरी चौकी झिलाङमिले रोल्पा दरवन्दी भई लागू औषध नियन्त्रण ब्यूरोबाट विमानस्थलमा खटिएका प्रहरी जवान राजेन्द्र के.सी.को संलग्नता देखिएकोले थप अनुसन्धान र कारवाहीको लागि अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचरको च.नं.१०२३ मिति २०७८।०८।१६ गतेको पत्रसाथ लागु औषध ब्यूरोमा ल्याईएका प्र.ज. राजेन्द्र के.सी.ले त्रिभुवन विमानस्थलको रोयल गल्फ कोर्टको भिरालो जमीनसम्म जाने कच्ची सडकको दक्षिणपट्टि छेउमा ढुंगाको चेपमा लुकाई राखेको अवस्थामा सुन जस्तो देखिने पँहेलो धातुको बाला थान-१ बरामद भएको भन्ने व्यहोराको लागु औषध नियन्त्रण ब्यूरोको मिति २०७८।०८।१६ गतेको खानतलासी/बरामदी मुचुल्का।

२. मिति २०७८।०८।१३ गते १६.०० बजेको समयमा एयर अरेवियाको उडानद्धारा काठमाडौ आगमन भई विमानस्थलबाट बाहिर निस्कने क्रममा विमानस्थल भित्रै मेरो घरायसी प्रयोजनको लागि ल्याएको ५० ग्राम सुन एक जना व्यक्तिले पछी फिर्ता दिने सर्तमा म सँग लिई पछि फिर्ता नदिई फरार भएकोले सि.सि.टि.भी.फुटेज हेरी निजलाई पहिचान गरी आवश्यक कारवाही गरिदिनुहुन भनी जिल्ला ताप्लेजुङ स्थायी वतन भएका

दुर्गाधन लिम्बुले दिएको निवेदनको आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जडित उक्त दिनको सि.सि.टि.भी. फुटेज हेर्दा उक्त कार्यमा प्रहरी चौकी झिलाङमिले रोल्पा दरबन्दी भई लागु औषध नियन्त्रण ब्युरोबाट विमानस्थलमा खटिएका प्रहरी जवान राजेन्द्र के.सी.को संलग्नता देखिएकोले थप अनुसन्धान र कारवाहीको लागि सि.सि.टि.भी फुटेज क्लिप्स ९ सहितको सि.डी. थान एक, सक्कलै निवेदनको प्रतिलिपि पाना एक र निज राजेन्द्र के.सी.लाई पठाइएको भनी अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाडौको च.नं.१०३२ मिति २०७८।०८।१६ गतेको पत्रसाथ लागू औषध नियन्त्रण ब्यूरोमा ल्याईएका निज प्र.ज. राजेन्द्र के.सी.लाई सोधपुछ गर्दा जिल्ला ताप्लेजुङ्ग फक्ताङलुङ गा.पा. वडा नं. ३ घर भएका दुर्गाधन लिम्बु र प्र.ज. राजेन्द्र के.सी. समेतको मिलेमतोमा भन्सार छली चोरी पैठारी गर्न आफ्नो समेत संलग्नता भएको र आफूले उल्लेखित परिमाणको सुन लिई लुकाई राखेको बाला देखाए अनुसारको खानतलासी बरामदी मुचुल्का तयार गरी खानतलासी बरामदी मुचुल्का र ५० ग्राम तौल भएको सुन जस्तो देखिने पंहेलो धातुको बाला थान एक तथा निज राजेन्द्र के.सी. र दुर्गाधन लिम्बुलाई आवश्यक कारवाहिको लागि पेश गरेका छौं भन्ने व्यहोराको लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरका प्र.नि. कुष्ण वहादुर कुँवरको प्रतिबेदन ।

३. प्रस्तुत मुद्दाको सम्बन्धमा थप अनुसन्धान तहकिकात गरी अभियोजन गर्न भन्सार अधिकृत मधु कुमार पौडेललाई मिति २०७८।०८।१७ गते अनुसन्धान अधिकृत तोकिएको।

४. लागु औषध नियन्त्रण ब्यूरोबाट पेश भएको शंकास्पद धातुको बाला परिक्षण गरी एकिन जवाफ पठाईदिने भनी भन्सार विभाग, प्रयोगशाला शाखामा पठाइएकोमा भन्सार विभागको च.नं. २१९ मिति २०७८।०८।१९ गतेको पत्रमार्फत उक्त शंकास्पद धातुको बाला सुन भएको भन्ने ब्यहोराको परिक्षण प्रतिवेदन प्राप्त भएको र उक्त बरामदित सुन ५० ग्राम रहेको।

५. म संगै पक्राउ परेको राजेन्द्र के.सी लाई पहिलेदेखि चिन्दिन। सोही दिनमात्र चिनेको हो, म वैदेशिक रोजगारको सिलसिलामा दुबईमा कार्यरत रहेको थिएँ। दुबईमा बस्ने मेरो साथि हाईबुढाले यो सामान नेपालमा गएर मेरो मान्छेलाई दिनु सोबापत तिमिलाई रु.७,०००।- दिन्छु भनेको भएर मैले लिएर आएको थिएँ। नेपाल एयरपोर्टमा आएपछि सुनको चेकिङ हुँदै गरेको छ भनेर थाहा पाएपछि मैले राजेन्द्र के.सी लाई भन्सार पास गराउनको लागी दिएको थिएँ। उक्त सामान उहाँले बोकेर म संगै बाहिर आउनु भएको थियो। सोही समयमा सुनिल भन्ने मान्छे आएर सुन कहाँ छ भनि मलाई सोधेको थियो मैले यो दाईसँग छ भनेर उहाँलाई देखाएपछि ति सुनिल भन्ने मान्छे भागेका थिए। म पनि त्यहाँबाट ट्याक्सी चढेर बसपार्कको लागी निस्किएँ। पछि मैले सो दिनको CCTV फुटेज हेरी मेरो सामान फिर्ता पाउँ भनि त्रि.अ.वि.ना.उ.का मा निवेदन दिएको थिएँ। सोही फुटेज हेरी

अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले लागुऔषध नियन्त्रण व्यूरोलाई जिम्मा लगाएको हो, मैले हाइ बुढाले भनेको मानिसलाई दिन भनेर मेरो जिम्मामा सुन ल्याएको थिएँ सोही जिम्मेवारी पुरा गर्न नै म आफैले निवेदन दिएको हुँ, मलाई सुन पठाउने हाई बुढालाई चिन्छु तर सुनिललाई चिन्दिन। मलाई दुवैजनाको तिनपुस्ते विवरण थाहा छैन, मैले ल्याएको सुन मैले भन्सारमा घोषणा गरेको छैन। भन्सार तिरेको कागज प्रमाण केही पनि पेश गर्न सक्दिन भन्ने व्यहोराको प्रतिवादी दुर्गाधन लिम्बुले अनुसन्धान अधिकृत समक्ष मिति २०७८।०८।२० गते गरेको बयान।

६. म संगै पक्राउ परेका दुर्गाधन लिम्बुलाई म चिन्दिन। प्रहरीले पक्राउ गरिसकेपछि मात्र उसलाई चिनेको हुँ, सुन दुर्गाधन लिम्बुले ल्याएको हो। उसले ल्याएको सुन उसले मलाई अध्यागमनमा दिएको थियो। सुन दिएपछि एयरपोर्ट बाहिर दुर्गाधन लिम्बुसँग भेट भयो। मैले उसलाई आफ्नो परिचय दिएर अफिसमा जाउँ भनेपछि उ फरार भयो तर उसले दिएको सुन मसंग थियो र यसबारेमा मैले मेरो कार्यालय वा अन्य कुनै निकायमा जानकारी गराएको थिइन। त्यसपछि मलाई विमानस्थल सुरक्षा कार्यालयमा बोलावट भयो। म त्यहाँ गएपछि तपाईको पनि सँलग्नता देखियो भनेर मलाई मेरो अफिसमा पठाइदियो, मलाई समान एयरपोर्ट बाहिर लगिदिनु भनि दिने व्यक्ति दुर्गाधन लिम्बु नै हुन, समान बाहिर लगिदिनु म आफै लिन आउछु भनि दुर्गाधन लिम्बुले भनेको थियो। मेरो साथबाट बरामद भएको सुन बैध हो भन्ने प्रमाण छैन, पेश गर्न सक्दिन। मेरो सुन ओसार पसार गर्ने नियत होइन भन्ने समेत व्यहोराको प्रतिवादी राजेन्द्र के.सी. ले अनुसन्धान अधिकृत समक्ष मिति २०७८।०८।२० गते गरेको बयान।

७. तत्काल प्राप्त प्रमाणको आधारमा बरामद भएको मालवस्तुको सम्बन्धमा प्रतिवादी दुर्गाधन लिम्बु र राजेन्द्र के.सी.ले भन्सार ऐन, २०६४ को दफा २(च) तथा दफा ५७(१) बमोजिमको कसुर अपराध गरेको होइन भन्न सक्ने अवस्था नरहेको हुँदा पछि ठहरे बमोजिम हुनेगरी हाललाई बरामदीत सुनको बाला ५० ग्रामको हुने जम्मा मुल्य रु.३,९१,३७५।-(अक्षरेपी तिन लाख एकानब्बे हजार तिन सय पचहत्तर मात्र) लाई बिगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१क) अनुसार बिगोबमोजिम दामासाहीले हुने जरिवाना रु.१,९५,६८७/– (अक्षरेपी एक लाख पन्चानब्बे हजार छ सय सतासी मात्र) भन्सार ऐन, २०६४ को दफा ६०ख(२) बमोजिम प्रतिवादीहरुसँग जनही नगद धरौटी माग गर्ने । माग बमोजिमको नगद धरौटी दाखिला गरे निज प्रतिवादीहरुलाई धरौटी तारेखमा छाडिदिने अन्यथा मुद्दा हेर्ने अधिकारीको अनुमती लिएर कारागार कार्यालय जगन्नाथदेवल, काठमाण्डौमा थुनामा राख्न पठाउने मिति २०७८।०८।२० मा अनुसन्धान अधिकृतबाट भएको आदेश।

८. अनुसन्धान अधिकृतबाट भएको आदेशबाट माग भए बमोजिमको धरौटी रकम दाखिला गरि निज प्रतिवादीहरु धरौटी तारेखमा रहेको मध्ये प्रतिवादी दुर्गाधन लिम्बु मिति २०७४।०९।२७ गतेदेखि तारेख गुजारी बसेको।

९. यसमा प्रतिवादीहरु दुर्गाधन लिम्बु र राजेन्द्र के.सी.ले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानमा उक्त सुनको वैधतालाई पुष्ट्याई गर्ने गरी कुनैपनि कागज प्रमाण पेश गर्न नसकेको र निज प्रतिवादीहरुले मिलेमतोमा भन्सार ऐन, २०६४ को दफा १८(१) बमोजिम प्रज्ञापनपत्र भरी भन्सारमा अनिवार्य रुपमा घोषणा गर्नुपर्ने मालवस्तुलाई बदनियतपुर्ण तरिकाले लुकाई छिपाई भन्सार चोरी पैठारी गर्ने मनसाय राखि ल्याएको देखिंदा निजहरुले गरेको उक्त कार्य भन्सार ऐन, २०६४ दफा २(च) र सोही ऐनको दफा ५७(१) बमोजिमको कसुर अपराध रहेको हुँदा वारदात भएको मिति २०७८।०८।१७ गते नेपाल सुनचाँदी डिलर एसोसियसनको वेबसाइटमा प्रकाशित प्रति ग्राम सुनको मुल्य रु.७८२७/०५(सात हजार आठ सय सत्ताईस) को दरले बरामदीत सुनको बाला ५० ग्रामको हुने जम्मा मुल्य रु.३,९१,३७५।-(अक्षरेपी तिन लाख एकानब्बे हजार तिन सय पचहत्तर मात्र) लाई बिगो कायम गरि भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१क) अनुसार वरामदीत उक्त सुन जफत गरि बिगो बमोजिम हुने जरिवाना रु.३,९१,३७५। (तिन लाख एकानब्बे हजार तिन सय पचहत्तर) को दामासाहीले हुने रकम रु.१,९५,६८७।-(एक लाख पन्चानब्बे हजार छ सय सतासी मात्र) जनही जरिवाना हुन मागदावी लिई अनुसन्धान अधिकृतबाट मिति २०७८।०९।०४ मा पेश भएको अभियोगपत्र।

१०. प्रतिवादीहरुबाट बरामद भएको ५० ग्राम सुनको बालाको सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा १८(१) मा उल्लेखित व्यबस्था अनुसार मालबस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नुपर्ने प्रचलित कानुनी व्यबस्था उल्लंघन गरी भन्सार ऐन, २०६४ को दफा २(च) तथा दफा ५७(१) को कसुर अपराध गरेको हुँदा बरामदीत सुनको मुल्य रु.३,९१,३७५।-(अक्षरेपी तिन लाख एकानब्बे हजार तिन सय पचहत्तर मात्र) लाई बिगो कायम गरि भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१क) अनुसार वरामदित उक्त सुन जफत गरी बिगो बमोजिम हुने जरिवाना रु. ३,९१,३७५/– को दामासाहीले हुने रकम रु. १,९५,६८७/– जनही जरिवाना हुने भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७८।१०।२३ मा भएको निर्णय।

११. कुनै पनि कसुर वा अपराध घटित हुनका लागि Mens rea एंव Actus rea यी दुवै तत्वको आवश्यकता पर्नेमा ठोस सबुद र प्रमाणको अभावमा पनि सहप्रतिवादीसंग पुर्व चिनजान नै नभएको अबस्थामा योजनाबद्ध तरिकाले कसुरजन्य कार्य गरेको भनि सम्मानित सर्वोच्च

अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत रहेको शूरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको फैसला त्रुट्टीपुर्ण हुँदा बदर गरी सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी राजेन्द्र के.सी.को यस न्यायाधिकरणमा मिति २०७८।१२।१३ मा दायर भएको पुनरावेदन पत्र।

१२. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० (३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०४/२५ मा भएको आदेश ।

## ठहर खण्ड

१३. नियम बमोजिम दैनिक पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी राजेन्द्र के.सी.का तर्फबाट उपस्थित हुनुभएका विद्वान बरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठीले कुनै पनि कसुर वा अपराध घटित हुनका लागि Mens rea एंव Actus rea दुवै तत्वको आवश्यकता पर्दछ। ठोस सबुद र प्रमाणको अभावमा शंकारहित तरिकाले अपराध पुष्टी नभएको अबस्था र सहप्रतिवादीसंग पुर्व चिनजान नै नभएको परिदृष्यमा योजनाबद्ध तरिकाले कसुरजन्य कार्य गरेको भनि भएको शुरु फैसला त्रुट्टीपुर्ण हुँदा बदर गरी प्रतिवादी राजेन्द्र के.सी.ले सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो।

१४. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकाश बन्जाराले प्रतिवादीको साथबाट सुन बरामद भएको तथा बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवं अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा आफुले सुन लुकाएको ठाउँबाट बरामद भएको तथ्यलाई स्वीकार गरेको अबस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले प्रतिवादीलाई जरीवाना हुने गरी गरेको फैसला कानुनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

१५. पुनरावेदक प्रतिवादीको तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फका विद्वान कानुन व्यवसायीहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी राजेन्द्र के.सी. समेत उपर भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसुरमा सोही ऐनको दफा ५७ (१क) बमोजिम सजायको माग दावी

लिएको देखिन्छ। सहप्रतिवादी दुर्गाधन लिम्बुले मिति २०७८।०८।१३ गते एयर अरेवियाको उडानबाट नेपाल आउदा ल्याएको ५० ग्राम तौलको सुनको वाला भन्सारमा चेकिङ्ग हुदै गरेको थाहा पाएपछि अध्यागमन पास गराउन यी प्रतिवादी राजेन्द्र के.सी.लाई दिएको र पछि राजेन्द्र के.सी. सुनसहित फरार भएपछि सहप्रतिवादी दुर्गाधन लिम्बुको लिखित निवेदन परी अनुसन्धान भएको देखिन आउछ। सहप्रतिवादी दुर्गाधन लिम्बुले भन्सार लाग्ने सुन जस्तो मालबस्तु भन्सारमा घोषणा नगरी लुकाई छिपाई ल्याएको र भन्सारमा चेक भएपछि अध्यागमनबाट पास गराउने प्रयोजनको लागि प्रतिवादी राजेन्द्र के.सी.लाई दिएको देखिन आयो। प्रतिवादी दुर्गाधन लिम्बुलाई अभियोग दावी बमोजिमको कसुरमा सजाय हुने गरी भएको शुरु फैसला उपर निजको यस न्यायाधिकरणमा पुनरावेदन परेको नदेखिँदा निजको हकमा विचार गरिरहनु परेन।

१७. अब पुनरावेदक प्रतिवादी राजेन्द्र के.सी.को हकमा विचार गर्दा, यी प्रतिवादी प्रहरी कर्मचारी रहेको र अध्यागमनबाट सुन भन्सार पास गराउन भन्सारमा घोषणा नगरी सहप्रतिवादी दुर्गाधन लिम्बुले ल्याएको सुन निजले लिएको तथ्यलाई अनुसन्धान अधिकृत समक्ष स्वीकार नै गरेको देखिन्छ। प्रतिवादी राजेन्द्र के.सी.ले विमानस्थलको गल्फ कोर्टमा लुकाई राखेको अवस्थामा सुनको बाला थान-१ बरामद भएको खानतलासी/बरामदी मुचुल्काबाट देखिन्छ। उक्त मुचुल्कामा यी प्रतिवादी राजेन्द्र के.सी. समेत रोहवरमा बसी दस्तखत गरेको देखियो। बरामदीत सुन आफुले प्रतिवादी दुर्गाधन लिम्बुबाट लिई विमानस्थलको गल्फ कोर्टमा लुकाई राखेको भनी स्वीकार गरेको देखिन्छ। सहप्रतिवादी दुर्गाधन लिम्बुले दुवईबाट हाइ बुढा भन्ने साथीले वरामद भएको सुन नेपाल लगि मेरो मान्छेलाई दिनु सो वापत तिमीलाई रु.७०००।— दिन्छु भनेको भएर उक्त सुनको वाला लिएर आएको तथ्यलाई अनुसन्धानमा वयान गर्दा खुलाएको देखियो। नेपाल आएपछि भन्सारमा चेक भइरहेको थाहा पाइ उक्त सुन अध्यागमनबाट भन्सार पास गराउनको लागि प्रतिवादी राजेन्द्र के.सी.लाई दिएको तथ्य दुवै प्रतिवादीले स्वीकार गरेको देखिन्छ। प्रतिवादी दुर्गाधन लिम्बुले उक्त सुन भन्सारमा घोषणा गरेको वा भन्सार तिरेको प्रमाण पेश गर्न सकेको देखिदैन। यस स्थितिमा आफुले अवैध रुपमा पैसाको लोभमा अर्काको लागि ल्याएको सुन भन्सार पास गराउन प्रतिवादी प्रहरी बर्दीका राजेन्द्र के.सी.लाई दिएको देखियो। प्रतिवादी राजेन्द्र के.सी.ले पनि अवैध सुन भन्सार पास गराउने जस्तो कानुन विपरितको कसुरजन्य कार्य गर्न सहजै सहमत भई उक्त सुन लिएको र फरार भई सुन लुकाएको देखियो।

१८. भन्सार ऐन, २०६४ को दफा २(च) मा "भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन

बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई भन्सार चोरी पैठारी सम्झनु पर्छ" भनी परिभाषित गरेको देखिन्छ। साथै सोही ऐनको दफा १८(१) मा "मालबस्तु पैठारी गर्ने ब्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापन पत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने" भन्ने ब्यवस्था रहेकोमा प्रतिबादी दुर्गाधन लिम्बुले ल्याएको सुन कानुन बमोजिम त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा नगरी अवैध तरिकाले भन्सार पास गराउने उद्देश्यको साथ मिलेमत्तो गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रहरी कर्मचारी अर्का प्रतिवादी राजेन्द्र के.सी.लाई दिई बरामदीत सुन नेपालभित्र ल्याएको देखियो। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा "कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ" भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। यसरी प्रतिवादी राजेन्द्र के.सी.बाट बरामद भएको ५० ग्राम सुन प्रतिवादी दुर्गाधन लिम्बुले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरेको वा सो सुन वैध रुपमा पैठारी गरेको पुष्टी हुने कुनै प्रमाण पेश गर्न सकेको नदेखिएको, त्यस्तो अवैध सुन प्रतिवादी राजेन्द्र के.सी.ले भन्सार पास गराउनको लागि लिई त्यहाबाट बाहिर आई दुर्गाधन लिम्बुलाई नदिई आफुले मात्र लिन खानको लागि लुकाएको अबस्थामा बरामद भएको प्रतिवादीको बयान, बरामदी मुचुल्का, सि.सि.टि.भि फुटेज लगायतका प्रमाणबाट पुष्टी भएको देखिन आयो। कसुरजन्य कार्यको नियन्त्रण गर्ने समेतको शान्तिसुरक्षाको जिम्मेवारीमा रहेका प्रहरी कर्मचारी यी राजेन्द्र के.सी.ले सहप्रतिवादी दुर्गाधन लिम्बुसंग मिलेमत्तो गरी भन्सारबाट पास गराउने प्रयोजनको लागि भन्सार लाग्ने बस्तु सुनको वाला नेपालभित्र ल्याई लुकाउने कार्य गरेको पुष्टी भएको हुँदा उक्त कार्य भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम कसुर भएको स्वतः स्पष्ट भएकोले आरोपित कसुरबाट सफाइ पाउनु पर्ने भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१९. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादी राजेन्द्र के.सी. लाई भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसुरमा सोही ऐनको दफा ५७(१क) बमोजिम रु. १,९५,६८७/- (अक्षरेपी एक लाख पन्चानब्बे हजार छ सय सतासी मात्र) जरिवाना हुने ठहर्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकले मिति २०७८।१०।२३ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शूरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

(पुष्प प्रसाद गुरागाईं)
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम.............................

फैसला प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप